# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ १२ गते २०१३ साल

### पब्लिक सर्भिसकमिशनको विज्ञापन नं. ५.

स्वास्थ्यसेवा-अन्तर्गत वीर मेल अस्पताललाई एक जना आर. एम्. ओ. चाहिएको छ। उमेदवारले प. स. क. फाराम नं. १ (२०१०) मा भरी २०१३ साल श्रावण १० गते रोज ४ सम्ममा तलको ठेगानामा दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गद्दी, गौडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदको विवरण यसप्रकार छ :—

१. पद:— आर. एम्. ओ. गजेटेड स्थायी तथा पेन्सन पाउने।

२. आवश्यक न्यूनतम योग्यता:— एम बी. बी एस्.।

३. मासिक वेतन स्केल:- मो.रु. १८०।-३१०।

४. मासिक भत्ता:—मो.रु. २०।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. अभ्यास अवधिः—६ महिना।

६. काम र शुरुमा काम गर्ने ठाउँः— डाक्टरी, वीर मेल अस्पतालमा।

७. विशेष सहुलियतः— बस्नलाई नलगाएको क्वार्टर।

आज्ञाले—
खड्गमान मल्ल
सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं नेपाल

## पब्लिक सर्भिस कमिशनको विज्ञापन न.२५ स्व. ०१२

स्वास्थ्य विभाग—अन्तर्गत नर्सेज ट्रेनिङप्रोजेक्टलाई एकजना काउन्टर पार्ट नर्स चाहिएको छ। योग्य उमेदवारहरुले प.स.क. फाराम नं १ (२०१०) मा भरी २०१२ साल श्रावण ६ गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोश्वाराबाट पनि पाइनेछ। दरखास्तसाथ फि पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छः—

पदः— गजेटेड तीन वर्षको अस्थायी।

२. आवश्यक न्यूनतम योग्यताः— सरकार–स्वीकृत भएको सीनियर सर्टिफिकेट अफ नर्सिङ एण्ड मिड वाइफ्री।

३. विशेष योग्यताः—नेपाली र अंग्रेजीमा बोल्न र लेख्न सक्नेहुनुपर्छ। नर्सहरूलाई सिकाउन र तालिम गर्नुपर्ने हुनाले सो कामको अनुभव भएकालाई प्राथमिकता दिइनेछ।

४. मासिक तलब …

५. कामः—उपत्यकामा रहेको नर्सिङ प्रोजेक्ट स्कूलमा कन्या विद्यार्थीहरू-
लाई नर्सिङ विषय पढाउने र सिकाउने ।

६. विशेष सहुलियतः—नर्सेज ट्रेनिङस्कूलको सम्पिसबाउ घरमा बस्न पाइने,
भाडा तिर्ने नपर्ने ।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल ।

मुद्रण विभाग, सिंहदरबार

62

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोरखापत्र छापाखानामा मुद्रित । मैनेजर, मेघराज शर्मा.

मुद्रण विभाग, सिंहदरबार

८६.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।